# वनस्पति तथा वनस्पति स्रोतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**ःनेपालको महत्वपूर्ण प्राकृतिक सम्पदाको रुपमा रहेको वनस्पतितथा वनस्पति स्रोतकोअध्ययन, अनुसन्धान, पहिचान, संरक्षण,संवर्द्धन तथा दिगो व्यवस्थापन गर्ने सम्बन्धमाआवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालकोसंविधानको धारा २९६को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वनस्पति ऐन, २०७२" रहेको छ।

(२) यो ऐनतुरुन्त प्रारम्भहुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा६, ७, ८ वा ९ बमोजिमदिइएको अनुमतिपत्र सम्झनुपर्छ।

(ख) "अनुसन्धान अधिकृत" भन्नाले दफा २४ बमोजिमको अनुसन्धान अधिकृत सम्झनु पर्छ।

(ग) "जडीबुटी अनुसन्धान केन्द्र" भन्नाले दफा १५ बमोजिम स्थापना भएको जडीबुटी अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) "परिषद्" भन्नाले दफा १९ बमोजिम गठित वनस्पति तथा वनस्पति स्रोत व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(च) "पहिचान" भन्नालेवनस्पतिको आकार, प्रकार, अङ्ग आदिको नापजाँच गरी वैज्ञानिक पद्धतिद्वारा गरिएको नामकरणसम्झनुपर्छ।

(छ) "प्रयोगशाला" भन्नाले वनस्पति तथा वनस्पति स्रोतको अध्ययन र विश्लेषणको लागि दफा ३० बमोजिम स्थापना हुने प्रयोगशाला सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनुपर्छ।

(झ) "रैथाने वनस्पति" भन्नाले नेपालमा मात्र पाइनेवनस्पति प्रजाति सम्झनु पर्छ।

(ञ) "वनस्पति" भन्नाले हरितकण भएका वा नभएका तर आफ्नै प्रजनन् क्षमता भएका प्राकृतिक रुख बिरुवा, झाडी, बुट्यान, झारपात, लहरा तथा उन्यूका विभिन्न प्रजाति सम्झनु पर्छ र सो शव्दले लेउ, ढुसी, च्याउ वा यस्तै प्रकारका अन्य वनस्पति समेतलाई जनाउँछ ।

(ट) "वनस्पति उद्यान" भन्नाले दफा १२बमोजिम स्थापना गरिएको वनस्पति उद्यानसम्झनुपर्छ र सो शव्दले वानस्पतिक जैविक विविधताको संरक्षणको लागि घोषणा गरिएको जैविक विविधता उद्यान समेतलाई जनाउँछ ।

(ठ) "वनस्पति स्रोत" भन्नाले जीवित वा निर्जीव अवस्थामा रहेका फूल फुल्ने वा नफुल्ने कुनै पनि प्रकारका बोट बिरुवाको हाँगा विँगा, बोक्रा, जरा, पात, काण्ड, फूल, कुनै अंश, बिउ, जर्मप्लाजम् वा आनुवंशिक पदार्थ सम्झनु पर्छ ।

(ड) "विभाग" भन्नाले वनस्पति विभाग सम्झनु पर्छ ।

(ढ) "विशेष वनस्पति क्षेत्र" भन्नाले दफा १३बमोजिम घोषणा गरिएको विशेष वनस्पति क्षेत्र सम्झनुपर्छ ।

(ण) "संरक्षक" भन्नाले वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र, हर्वेरियम वा जडीबुटी अनुसन्धान केन्द्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारले प्रमुखको रुपमा खटाएको कर्मचारी सम्झनुपर्छ ।

(त) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई वनस्पतितथा वनस्पति स्रोत सम्बन्धी कार्य गर्ने उद्देश्य भएको सङ्गठित संस्था सम्झनु पर्छ ।

(थ) "हर्वेरियम" भन्नाले वैज्ञानिक पद्धति अनुसार वनस्पतिकोवैज्ञानिक नाम, स्थानीय नाम, सङ्कलन गरिएको मिति र स्थान, सङ्कलन गर्ने व्यक्ति वा समूहको नाम, वैज्ञानिक पहिचान गर्ने व्यक्ति वा समूहको नाम समेत राखिएको वनस्पतिको नमुना र त्यसको अभिलेख राखिएको स्थान सम्झनु पर्छ ।

(द) "सिड बैंक" भन्नाले वनस्पति वा वनस्पतिको जीवित अङ्ग वा अंशहरु पुनरुत्पादन गर्न सकिने गरी सङ्ग्रहित र संरक्षित गरिएका बिउ, जर्मप्लाजम् वा आनुवंशिक पदार्थ रहेको स्थान सम्झनुपर्छ ।

## परिच्छेद-२

## वनस्पति र वनस्पति स्रोतको नियमन सम्बन्धी व्यवस्था

३. **वनस्पति र वनस्पति स्रोतको स्वामित्व :** नेपालभित्र रहेको सम्पूर्ण वनस्पति तथा वनस्पति स्रोतको स्वामित्व नेपाल सरकारमा रहनेछ । कसैले पनि त्यस्ता वनस्पति तथा वनस्पति स्रोतको स्वामित्व दाबी गर्न पाउने छैन ।

४. **रैथाने वनस्पति सम्बन्धी व्यवस्था** : (१) विभागले रैथाने वनस्पतिको सूची तयार गरी तोकिए बमोजिम संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) कसैले पनि रैथाने वनस्पति तथा त्यसको वनस्पति स्रोत बिक्री वितरण वा निकासी गर्न पाउने छैन ।

५. **पेटेण्ट दाबी गर्न वा दर्ता गराउन नहुने** : (१) कसैले पनि रैथाने वनस्पति तथात्यसको वनस्पति स्रोतको पेटेण्ट दाबी गर्न वा दर्ता गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा पाइने वनस्पति तथा वनस्पति स्रोतको उपयोग गरी कसैले नेपालमा तयार गरेको कुनै उत्पादनको सम्बन्धमा विभागबाट तोकिए बमोजिम अनुमति लिई पेटेण्ट दाबी गर्न वा दर्ता गराउनसक्नेछ ।

६. **सम्भाव्यता अध्ययनको लागि अनुमतिपत्र लिनु पर्ने** : नेपालका वनस्पति तथावनस्पति स्रोतको मानव वा पशु स्वास्थ्य वा अन्य व्यावसायिक प्रयोजन(बायोप्रोस्पेक्टिङ) का लागि सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिलेविभागबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

७. **नमुना सङ्कलनको लागि अनुमतिपत्रलिनुपर्ने** : नेपालका कुनै पनि वनस्पतितथावनस्पति स्रोतको नमुना सङ्कलन गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

तर आफ्नो परम्परा अनुसार धार्मिक वा सांस्कृतिक कार्यको लागि तोकिएको परिमाण भन्दा बढी नहुने गरी कुनै वनस्पति तथा वनस्पति स्रोतकोसङ्कलन गर्न वा परम्परागत रुपमा औषधिको प्रयोग गर्दै आएका वैद्य, कविराज वा अन्य औषधि प्रयोगकर्ताले तोकिएको परिमाण भन्दा बढी नहुने गरी औषधिको प्रयोजनको लागि वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र वा जडीबुटी अनुसन्धान केन्द्र बाहेकको अन्य स्थानबाट वनस्पति तथा वनस्पति स्रोतसङ्कलन गर्न अनुमतिपत्रलिनुपर्ने छैन ।

८. **अध्ययन अनुसन्धानको लागि अनुमतिपत्र लिनु पर्ने** : (१) नेपालको कुनै पनि वनस्पतितथा वनस्पति स्रोतको सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिलेविभागबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारका अनुसन्धान निकाय वा नेपालका विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गर्ने शिक्षकहरुले अध्ययन वा अध्यापन गर्ने प्रयोजनका लागि वनस्पति तथा वनस्पति स्रोतको अनुसन्धान गर्न सक्नेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले स्वदेशी तथा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्था वा वनस्पति उद्यानसँग सम्झौता गरी समन्वयात्मक रुपमा वनस्पति तथा वनस्पति स्रोतको अध्ययन अनुसन्धान गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम गरेको अध्ययन अनुसन्धानको विवरण वा सारांश प्रकाशन गर्नु अघि तोकिए बमोजिम विभागलाई जानकारी दिनु पर्नेछ ।

९. **वनस्पतिको अङ्ग भित्र्याउन तथा वनस्पति उत्पादन गर्नको लागिअनुमतिपत्रलिनु पर्ने** : जीवित वनस्पति वा बिउ वा पुनरुत्पादन हुन सक्ने वनस्पतिको अङ्ग नेपाल भित्र्याउन वा नेपालका वनस्पतिको जेनेटिक अवयव प्रयोग गरी अनुवंश परिवर्तित (जेनेटिकल्ली मोडिफाइड) वनस्पति उत्पादन गर्न चाहने व्यक्तिले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

१०. **अनुमतिपत्रको अवधि, दस्तुर, नवीकरण र खारेजी** :अनुमतिपत्रको अवधि, दस्तुर, नवीकरण र खारेजीसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## वनस्पतितथा वनस्पति स्रोतको पहिचान र संरक्षण सम्बन्धी व्यवस्था

११. **पहिचान गर्ने** : (१) वनस्पति तथावनस्पति स्रोतको पहिचान गर्ने आधिकारिक निकायको रुपमा विभाग रहनेछ ।

(२) विभागले कुनै वनस्पति तथा वनस्पति स्रोतको पहिचान गर्दा त्यस्तो वनस्पति तथा वनस्पति स्रोतको रासायनिक तथा वंशाणुगत गुण, जैविक असर जस्ता विषय यकिन गरी प्रमाणित गर्नु पर्नेछ ।

१२. **वनस्पति उद्यान स्थापना गर्न सक्ने**: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वनस्पति स्रोतको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने प्रयोजनको लागिनेपालको कुनै भागमा वनस्पति उद्यान स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१)बमोजिमकोवनस्पति उद्यानले वनस्पति प्रजातिको आनुवंशिक स्रोतकोसंरक्षणको लागि सिड बैंकको व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिड बैंकको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(४) वनस्पति उद्यानमा वनस्पति तथा वनस्पति स्रोतलाई हानि नोक्सानी नपुग्ने गरी अध्ययन, अनुसन्धान, संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

१३. **विशेष वनस्पति क्षेत्र घोषणा गर्न सक्ने** : (१) नेपाल सरकारले खास प्रजातिका वनस्पतिको संरक्षण र संवर्द्धनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्ता वनस्पति पाइने नेपालको कुनै क्षेत्रलाई त्यसको चार किल्ला खुलाई विशेष वनस्पति क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) नेपाल सरकारले विशेष वनस्पति क्षेत्रमा कुनै कार्य गर्नबाट निषेध गर्न आवश्यक सूचना जारी गर्न सक्नेछ ।

(३) विशेष वनस्पति क्षेत्रमा वनस्पति तथावनस्पति स्रोतलाई हानि नोक्सानी नपुग्ने गरी अध्ययन, अनुसन्धान, संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी उपदफा (१) बमोजिम घोषणा गरिएको विशेष वनस्पति क्षेत्रको सिमाना हेरफेर वा थपघट गर्न सक्नेछ ।

(५) विशेष वनस्पति क्षेत्रको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **हर्वेरियम सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले नेपाल भित्र पाईने विभिन्न प्रजातिका वनस्पति तथा वनस्पति स्रोतको आधिकारिक अभिलेख सहितको नमुना सङ्ग्रह गर्न विभाग अन्तर्गत रहने गरी एक राष्ट्रिय हर्वेरियम र त्यस्तो हर्वेरियम अन्तर्गत अन्य हर्वेरियमहरु स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकारले हर्वेरियमको संरक्षण तथा व्यवस्थापनको लागि हर्वेरियम र त्यसको वरिपरि कुनै कार्य गर्नबाट निषेध गर्न आवश्यक सूचना जारी गर्न सक्नेछ ।

(३) हर्वेरियम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सक्ने :** (१) नेपाल सरकारले जडीबुटीको रुपमा प्रयोग हुने वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन र प्रदर्शनी गर्ने तथा व्यावसायिक खेतीको सिफारिस गर्ने प्रयोजनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जडीबुटी अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) जडीबुटी अनुसन्धान केन्द्रको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **निषेधित कार्य :** कुनै पनि व्यक्तिले वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र वा जडीबुटी अनुसन्धान केन्द्रमादेहायका कामहरु गर्न पाउने छैनः-

(क) वनस्पतितथा वनस्पति स्रोतलाई क्षति पुर्‍याउन,

(ख) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रम वा आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न वा त्यस्तो भू-भागमा आवाद गर्न,

(घ) घरपालुवा पशु वा पंक्षी चरीचराउगराउन,

(ङ) ढुङ्गा, गिटी, बालुवा वा माटो निकाल्न वा खानी सञ्चालन गर्न,

(च) वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र वा जडीबुटी अनुसन्धान केन्द्रभित्र रहेकावा त्यस्तो क्षेत्रमा आउने वा त्यस्तो क्षेत्र भएर जाने कुनै खोला, मुहान, ताल तलैया, नदी थुनछेक गर्न वा बाँध बाँधी अन्यत्र लैजान,

(छ) खण्ड (च) बमोजिमको पानीका स्रोतमा विषादी मिसाउन,

(ज) वनस्पति उद्यान, विशेषवनस्पति क्षेत्र वा जडीबुटी अनुसन्धान केन्द्रको चारकिल्लाको सिमाना, प्रवेशद्वार, पर्खाल, साइनबोर्ड, सूचनापाटी, चिन्हपट वाभौतिक संरचना भत्काउन, हटाउन, तोडमोड गर्न वाहानि नोक्सानी पुर्‍याउन,

(झ) तोकिए बमोजिमका अन्य काम गर्न ।

१७. **प्रवेशमा बन्देज :** (१) संरक्षक वा संरक्षणको लागि नेपाल सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै पनि व्यक्ति वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र, हर्वेरियम वा जडीबुटी अनुसन्धान केन्द्रमा प्रवेश गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा प्रवेश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरु :** वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र, हर्वेरियम वा जडीबुटी अनुसन्धान केन्द्रमा प्रवेश गर्दा संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले देहायका चिज वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न हुँदैन :-

(क) हातहतियार, विषालु वा विष्फोटक पदार्थ वा त्यस्तो वस्तु प्रयोग गर्ने साधनहरु,

(ख) सम्बन्धित वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र, हर्वेरियम वा जडीबुटी अनुसन्धान केन्द्रलाई प्रतिकूल असर पार्ने प्रकृतिका वनस्पति तथा वनस्पति स्रोतहरु,

(ग) तोकिए बमोजिमका अन्य चिज बस्तुहरु ।

## परिच्छेद-४

## वनस्पति तथा वनस्पति स्रोतव्यवस्थापन परिषद् सम्बन्धी व्यवस्था

१९. **परिषद्को गठन** :(१) वनस्पति तथावनस्पति स्रोतको संरक्षण,संवर्द्धन तथा दिगो व्यवस्थापनगर्न एकवनस्पति तथा वनस्पति स्रोत व्यवस्थापन परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) वन तथा भू-संरक्षण मन्त्री - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (वन क्षेत्र हेर्ने) - सदस्य

(ग) सचिव, उद्योग मन्त्रालय - सदस्य

(घ) सचिव, कृषि विकास मन्त्रालय -सदस्य

(ङ) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(च) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(छ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(ज) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला, मन्त्रालय - सदस्य

(झ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य

(ञ) महानिर्देशक, गुणस्तर तथा नापतौल विभाग - सदस्य

(ट) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - सदस्य

(ठ) महानिर्देशक, वन विभाग - सदस्य

(ड) विभागीय प्रमुख, केन्द्रीय वनस्पति विभाग, त्रिभुवन विश्वविद्यालय-सदस्य

(ढ) मन्त्रालयलेमनोनीत गरेकोसम्बन्धित विषयकोविशेषज्ञ - सदस्य

(ण) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको क्षेत्रमा कार्यरत नेपालका गैर सरकारी संस्थाहरुमा कार्यरत व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(त) प्रतिनिधि, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड - सदस्य

(थ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(द) महानिर्देशक, वनस्पति विभाग - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ढ) र (ण) बमोजिममनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) परिषद्को बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **परिषद्को काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालका वनस्पति तथावनस्पति स्रोतको अध्ययन, अनुसन्धान, विकास र उपयोगको लागि राष्ट्रिय नीति तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ख) नेपालका वनस्पति तथावनस्पति स्रोतको संरक्षण, खेती प्रविधि विकास, बजार व्यवस्थापन, तालीम सञ्चालन र प्रचार प्रसार सम्बन्धी कार्यक्रमकोअनुगमन गर्ने वा गराउने,

(ग) अनुमतिपत्रप्रदान गर्ने तथा प्रयोगशालाको स्थापना सम्बन्धी मापदण्ड स्वीकृत गर्ने,

(घ) वनस्पतिजन्य उत्पादन वा त्यसको कच्चा पदार्थकोव्यापार व्यवसाय गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप हुने गरी राष्ट्रिय मापदण्ड स्वीकृत गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## कसूर रसजाय

२१. **कसूर** : कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ :-

(क) दफा ४ को उपदफा (२) विपरीत रैथाने वनस्पति तथा त्यस्तो वनस्पति स्रोत बिक्री वितरण वा निकासी गरे गराएमा,

(ख) दफा ५ को उपदफा (१) विपरीतरैथाने वनस्पति तथा वनस्पति स्रोतको पेटेण्ट दाबी गरेमा वा दर्ता गराएमा,

(ग) दफा ६ बमोजिम अनुमतिपत्र नलिई सम्भाव्यता अध्ययनको कार्य गरेमा,

(घ) दफा ७ बमोजिमअनुमतिपत्र नलिई वनस्पतितथा वनस्पति स्रोतको नमुना सङ्कलन गरेमा,

(ङ) दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र नलिई वनस्पति तथा वनस्पति स्रोतको अध्ययन अनुसन्धानको कार्य गरेमा,

(च) दफा ९बमोजिम अनुमतिपत्र नलिई वनस्पतिकोअङ्ग भित्र्याउने वा वनस्पति उत्पादन गर्नेकार्य गरेमा,

(छ) दफा १३ को उपदफा (२) र दफा १४ को उपदफा (२) बमोजिम जारी सूचनामाउल्लिखित निषेधित कुनै कार्य गरेमा,

(ज) दफा १६ बमोजिमकानिषेधित कुनै कार्य गरेमा,

(झ) दफा १७ को उपदफा (१) बमोजिम अनुमति नलिई वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र, हर्वेरियम वा जडीबुटी अनुसन्धान केन्द्र भित्र प्रवेश गरेमा,

(ञ) दफा १८ बमोजिम अनुमतिपत्र नलिई निषेधित वस्तु राखेमा वा साथमा लगेमा ।

२२. **सजायः** (१) देहाय बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) दफा २१ को खण्ड (क) र (ग) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा अनुसार दुई वर्ष देखि पाँच वर्षसम्म कैद वा पच्चीस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै,

(ख) दफा २१ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा अनुसार पाँच वर्ष देखि दश वर्षसम्म कैद वा पचास हजार रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै,

(ग) दफा २१ को खण्ड (घ), (ङ), (च), (ज) र (ञ) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा अनुसार छ महिना देखि दुई वर्षसम्म कैद वा दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै,

(घ) खण्ड (क),(ख) र (ग)मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतकार्य गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुसारदुई महिनासम्म कैद वा दश हजाररुपैयाँसम्म जरीबाना वा दुवै ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्न दुरुत्साहन गर्ने, मतियार हुने वा त्यस्तो कसूरको उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतकसूर गर्दा वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र, हर्वेरियम वा जडीबुटी अनुसन्धान केन्द्रको भौतिक संरचनामा क्षति पुगेमा निजलाई त्यस्तो क्षतिको दोब्बर जरिबाना समेत हुनेछ।

(४) दफा ८ को उपदफा (४) बमोजिम जानकारी नदिई कसैले वनस्पति तथा वनस्पति स्रोत सम्बन्धी अध्ययन अनुसन्धानको विवरण वा सारांश प्रकाशन गरेमा विभागको प्रमुखले बढीमा दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम विभागको प्रमुखले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२३. **जफत हुने:** यस ऐन अन्तर्गतको कसूर गर्न प्रयोग भएका साधन वा त्यस्तो कसूरसँग सम्बन्धित वनस्पति, वनस्पति स्रोत तथा अन्य वस्तु वा सामग्री र ढुवानी गर्ने सवारी साधन समेत जफत हुनेछ ।

तर सार्वजनिक प्रयोगका लागि उपयोग हुने सवारी साधनको हकमा त्यस्तो सवारी साधन यस ऐन अन्तर्गतको कसूरगर्न प्रयोग गरिएको कुरा सवारी धनी वा सञ्चालकलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेश गरेमा त्यस्तो सवारी साधन जफत गरिने छैन ।

## परिच्छेद-६

## मुद्दाको अनुसन्धान र दायरी

२४. **अनुसन्धान अधिकृत:**यस ऐन अन्तर्गतकोकसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

२५. **अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अभियुक्तलाई गिरफ्तार गर्ने,

(ख) यस ऐन अन्तर्गतको कसूरमा अनुसन्धान तथा तहकिकात गर्दा वा सबुद प्रमाण सङ्कलन गर्दा प्रचलित कानूनको अधीनमा रही जुनसुकै कार्यालय, घर, भवन, गोदाम, सवारी साधन वा अन्य कुनै स्थानको खानतलासी लिने वा लिन लगाउने,

(ग) कसूरसँग सम्बन्धित कुनै नमुना वा दशी प्रमाण प्राप्त भएमा बरामद गर्ने ।

(२) अनुसन्धान अधिकृतलाई यस ऐन अन्तर्गतको कसूरमा अनुसन्धान तथा तहकिकात गर्दा अभियुक्तलाई गिरफ्तार गर्ने, बयान गराउने, सरजमिन मुचुल्का तयार गर्ने समेत कानून बमोजिम प्रहरी अधिकृतलाई भए सरहको अधिकार हुनेछ ।

२६. **अभियुक्तलाई थुनामा राख्नेः** (१) यस ऐन अन्तर्गतको कसूरमा कारबाही चलाईएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने वा अनुसन्धान वा तहकिकातमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने वा अभियुक्त भागी जाने पर्याप्त कारण भएमा अनुसन्धान अधिकृतले निजलाई प्रचलित कानून बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै अभियुक्तलाई अनुसन्धानको सिलसिलामा थुनामा राख्नु परेमा बाटाको म्याद बाहेक पकाउ गरेको चौबीस घण्टाभित्रमुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ ।

(३)उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति माग भएमामुद्दा हेर्ने अधिकारीले अनुसन्धान सन्तोषजनक भए वा नभएको विचार गरी एकै पटक वा पटक पटक गरी बढीमा पच्चीसदिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

२७. **नेपाल सरकार वादी हुनेः**यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२८. **मुद्दाको दायरी** : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान सम्पन्न भएपछि अनुसन्धान अधिकृतले मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा अनुसन्धान अधिकृतले मुद्दा दायर गर्नेछ।

## परिच्छेद-७

## विविध

२९. **साझेदारीमा जडीबुटी खेती गर्न सकिने :** (१) नेपाल सरकारले सार्वजनिक निजी साझेदारीमा जडीबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवम् बजार प्रबर्द्धन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा जडीबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवंबजार प्रबर्द्धन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **प्रयोगशाला सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वनस्पति तथा वनस्पती स्रोतको पहिचान, जैविक तथा रासायनिक परीक्षण, स्तरीकरण, गुणस्तर निर्धारण तथा प्रविधि विकासका लागि राष्ट्रियस्तरको एक प्रयोगशाला र सो प्रयोगशाला अन्तर्गत आवश्यकता अनुसार अन्य प्रयोगशालाको स्थापना गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाबाट कुनै व्यक्ति वा संस्थाले वनस्पति तथा वनस्पती स्रोतको पहिचान, गुणस्तर निर्धारण, रासायनिक विश्लेषण वा प्रमाणीकरण गर्न चाहेमा तोकिएको दस्तुर तिरी त्यस्तो सेवा लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएका प्रयोगशालाको सिफारिसमा विभागले कुनै पनि वनस्पति तथा वनस्पति स्रोत प्रयोग गरी उत्पादित वस्तुहरुमा तोकिए बमोजिमको गुणस्तर भए नभएको वा मिसावट, हानिकारक तत्व र हानिकारक जीव भए नभएको यकिन गरी प्रमाणित गर्न सक्नेछ ।

(४) परिषद्ले निर्धारण गरेको मापदण्ड बमोजिम विभागबाट स्वीकृति लिई निजी क्षेत्रले समेत तोकिए बमोजिम प्रयोगशाला स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम स्थापना हुने प्रयोगशालाबाट प्रदान गरिने सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. **उत्पादन प्रमाणपत्रः** (१)कुनै व्यक्ति वा व्यावसायिक फर्मले आफूले उत्पादन गरेको वनस्पति तथा वनस्पति स्रोतको उत्पादन प्रमाणपत्र लिन चाहेमा तोकिएको वनस्पति कार्यालय वा जिल्ला वन कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित वनस्पति कार्यालय वा जिल्ला वन कार्यालयलेतोकिए बमोजिमको कार्यविधि पूरा गरी उत्पादनको प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उत्पादनको प्रमाणपत्र सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **जफत भएका वनस्पति तथा वनस्पति स्रोतको व्यवस्थापनः** (१) दफा २३बमोजिम जफत भएको कुनै वनस्पतितथा वनस्पति स्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धानको प्रयोजनवा धार्मिक कार्यका लागि परिषद्को सिफारिसमा नेपाल सरकारलेसार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन सक्नेछ ।

(२)यस ऐन बमोजिम जफत भएको रैथाने वनस्पति बाहेकको अन्य कुनै वनस्पतिको संरक्षण गर्न आवश्यक वा सम्भव नभएमा विभागले प्रचलित कानून बमोजिम लिलाम गर्न सक्नेछ ।

(३) यस ऐन बमोजिम जफत भएको वनस्पति तथा वनस्पति स्रोत नेपालमा राख्न हानिकारक भएमा तोकिए बमोजिम नष्ट गरिनेछ ।

३३. **अभिलेखसम्बन्धी व्यवस्थाः**(१) विभागले देहायको विषयमा अभिलेख राख्नु पर्नेछ :-

(क) अनुमतिपत्रको अद्यावधिक विवरण,

(ख) दफा २३ बमोजिम जफत भएको वनस्पति तथा वनस्पति स्रोत र त्यसको नमुना सम्बन्धी विवरण,

(ग) तोकिए बमोजिमका अन्य विवरण ।

(२) विभागले नेपालमा प्राकृतिक रुपमा पाइने वा कुनै माध्यमबाट नेपालमा प्रवेश भई नेपालमा पाइएका, भौगोलिक र प्राकृतिक अवस्थामा स्वतन्त्र रुपमा बाँचेका तथा प्रजनन क्षमता भएका फूल फुल्ने वा नफुल्ने वनस्पतिहरुको आधिकारिक अभिलेख रहनेगरी “नेपाल फ्लोरा”प्रकाशन गर्नेछ ।

(३) उपदफा (१)बमोजिम विभागले राख्ने अभिलेखको ढाँचा तोकिए बमोजिम हुनेछ।

३४. **पुरस्कार दिन सक्नेः** (१) विभागलेवनस्पति तथा वनस्पतिस्रोतको पहिचान, अध्ययन, अनुसन्धान, संरक्षण र विकासमा उल्लेखनीय योगदान दिने व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष तोकिए बमोजिम राष्ट्रिय वनस्पति पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम कसूर भएको वा हुन लागेको सूचना दिने र अनुसन्धान तहकिकात तथा सबुद प्रमाण सङ्कलनको कार्यमा सहयोग पुर्‍याउने व्यक्तिलाई विभागले तोकिए बमोजिम पुरस्कार दिन सक्नेछ ।

३५. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

३६. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार मातहतका निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३७. **नियम बनाउने अधिकारः** नेपाल सरकारले यस ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाई लागु गर्नेछ ।

३८. **निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः**मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागुगर्न सक्नेछ ।